“आठबीस नगरको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार”

# आठबीस नगरपालिका, दैलेख

## एघारौं नगर सभामा प्रस्तुत

# नीति,कार्यक्रम तथा बजेट

## २०७९/०३/१०

नगरसभाका अध्यक्षज्यू,
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगरसभाका सदस्यज्यूहरु,
नगरपालिकाका कर्मचारी एव उपस्थित सम्पूर्ण महानुभावहरु,

- आठबीस नगरपालिकाको यस गरिमामय नगरसभा समक्ष आठबीस नगरपालिकाको आ.व. २०७९/०८० को निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्तित भएको छु ।
- यस अवसरमा सर्वप्रथम लोकतन्तत्रको बहाली, नागरिक अधिकारको स्थापना, स्वतन्त्रता र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जजली अर्पण गर्दछु । मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरुपमा ल्याउन योगदान गर्नुहुने सम्पुर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।
- आफ्नो अमुल्य मत दिएर हामीलाई विजय गराउनु हुने आठबीस नगरपालिका वासी सम्पुर्ण मतदाताहरुप्रति पनि आदर भाव व्यक्त गर्न चाहान्छु ।

**नगर सभाका सदस्यज्यूहरु**

- हामी नयाँ निर्वाचित भएर जिम्मेवारी सम्हाल्दै गर्दा नितान्त नौलो अनुभव भइरहेको छ । आठबीस नगरपालिकाका हरेक नागरिकको तिब्र विकासको आकांक्षालाई विवेकसम्मत रुपमा शिघ्र सेवा पुरयाएर सम्बोधन गर्नुपर्ने अवस्था र स्थानीय तहलाई स्थानीय सरकारको रुपमा संचालन गर्नुपर्ने जिम्मेवारीले गर्दा हामी माझ निकै ठुलो चुनौती रहेको छ । आठबीस नगरवासीले हामीलाई गरेको विश्वास र राज्यको पुनरसंरचना भए संगै विगतमा भए गरेका ऐन नियम तथा केही नयाँ कामले गर्दा हामीमा साहस र आत्मविश्वास बढेको मैले महशुस गरेको छु ।
- हामी निर्वाचित भएर जिम्मेवारी समाल्दै गर्दा अहिले शुरुका दिन, हप्ता र महिना संविधानले दिएको अधिकार बमोजिम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यसम्पादन नियमावली र कार्यविभाजन तथा अन्य संघिय प्रादेशिक तथा आठबीस नगरपालिकाका विधमान ऐन नियमहरु बमोजिम अगाडी बढन शुरु गरिरहेका छौं ।हामी थप उत्तरदायी र जिम्मेवार बन्दै वर्तमान हाम्रो समय सिक्न र सम्हाल्नमा उपयोग भईरहेको छ । आजको यस नगरसभालाई संबोधन गरि रहदा निर्वाचित भएको एक महिनामा हामीलाई धेरै साहस र आत्म विश्वास बढेको अनुभुती भई रहेको छ ।
- नेतृत्वले नतिजा नियाल्ने र कर्मचारीले प्रक्रिया सम्हाल्ने विधिबाट सुशासन, विकास र समृद्धिको यात्रा सहज हुने मेरो बुझाई छ । प्रक्रिया सम्हाल्ने जिम्मेवारी बोकेका कर्मचारीको अपर्याप्तताबाट पाँच बर्ष गुज्रेको छ । अझै प्रशासनिक तथा प्राविधिक जनशक्तिको अपर्याप्तता रहेकै छ ।वडा कार्यालय, विषयगत शाखाहरु र नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने कार्यलाई अझ सरलीकरण गर्न तथा प्रविधियुक्त बनाई कार्यान्वयन गराउँन कठिनाई भैरहेको छ । तथापी हामीसंग भएको उपलब्ध स्रोत साधनको अत्याधिक परिचालन गरी उत्तम गर्ने सोचका साथ हामी अघि बढिरहेका छौं ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आठबीस नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को लक्ष्य, उदेश्य र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**लक्ष्य**

**"आठबीस नगरको समुन्नतीको आधारः शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"** लाई परिपुर्ति गर्न स्थानीय उत्पादन र उपभोगमा वृद्धि गर्दै उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी भौतिक पूर्वाधार सहित आर्थिक, समाजिक विकास गरी **"समृद्ध नगरपालिका र सुखि नगर वासी"** बनाउने लक्ष्य लिईएको छ ।

**उद्धेश्य**

१. विभिन्न संक्रामक रोग लगायत सबै प्रकारका रोग र विपदबाट नगरवासीको जीवन रक्षा गर्दै स्थानीय जनजीवनलाइ सहज र सुरक्षित बनाउने,
२. स्वास्थ्य सेवा र शिक्षालाई गुणस्तरीय बनाई स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने,
३. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगार सृजना गर्ने,
४. नगरपालिका भित्र सडक यातायात विधुत लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज बनाउने,
५. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकास को गतिलाइ निरन्तरता दिने ।
६. सार्वजनिक सेवालाई प्रभावकारी बनाई जनतालाई सुशासनको प्रत्याभुति दिने ।
७. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेसीकरणको विकास गर्ने ।
८. वातावरण तथा वनजंगलको संरक्षण गर्ने ।
९. जलवायु परिवर्तन न्यूनिकरण गर्न नीतिगत व्यवस्था गर्ने ।
१०. धार्मिक, संस्कृतिक, ऐतिहासिक, पुरातात्विक र प्राकृतिक क्षेत्रको विकास गर्ने ।
११. "हरियाली आठबीस" (द ग्रिन जोन) आठबीसको अवधारणालाई प्रभावकारी रुपले कार्यान्वयन गरी स्वच्छ एवं सुन्दर आठबीस बनाउने ।

**प्राथमिकरण**

१. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तार
३. सडक ,यातायात, सुरक्षित आवास तथा विधुतिकरण
४. वन वातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड
६. सूचना तथा प्रविधि
७. पर्यटकीय पूर्वाधारहरुको विकास
८. उधोग तथा स्वरोजगार
९. धर्म, संस्कृतिको संरक्षण एंव प्रर्वद्धन
१०.स्थानीय उत्पादनको प्रर्वद्धन
११.युवा तथा खेलकुद
१२. गैर सरकारी संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी

**आधारहरु**

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन, २०७४

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- स्थानीय सरकारवाट जारी भएका ऐन,नियमावली, कार्यविधि, निर्देशिकाहरु
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापडण्डहरु
- संघीय सरकारको आ.व. ०७८-०७९ को वजेट वक्तव्य
- प्रदेश सरकारको आ.व. ०७८/०७९ को वजेट वक्तव्य
- स्थानीय तहको वार्षिक योजना तथा वजेट दिगदर्शन २०७४
- पन्ध्रौ योजना
- दिगो विकास का लक्ष्य
- उपलब्ध स्रोत तथा साधनहरु
- जनताका माग तथा आवश्यकताहरु

**दिर्घकालिन नीतिहरु**

- आठबीस नगरपालिकाको केन्द्र राकमकर्णालीमा बिशेषज्ञ सेवा सहितको अस्पताल सञ्चालनमा ल्याइने छ।
- शिक्षालाई श्रमसंग जोड्न एंव रोजगारमुलक बनाउन वहु प्राविधिक शिक्षाको वन्दोवस्त गरिनेछ ।
- आठबीस शिक्षा क्यापसको गुणस्तर कायम गरी स्तर उन्नति गरिने छ ।
- आठबीस नगरबासीको लागि स्वच्छ खानेपानीको पहुँच स्थापित गर्न एक घर एक धाराको अवधारण अगाडी बढाईनेछ ।
- नगरपालिकाका क्षेत्र भित्र वसपार्क, सडक वत्ती , फराकिलो खेलमैदान, हाटवजार जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना वनाई कार्यान्वयनमा ल्याइने छ ।
- हरित सडकको अवधारणा अगाडी बढाइनेछ ।
- नगरपालिकाका सम्पूर्ण वस्तीहरुमा सडक खण्ड निर्माण गरी नगरपालिका भित्रका सम्पूर्ण नागरिकहरुको यातायातमा सहजता ल्याइने छ।
- नगरपालिकालाइ अध्यारो मुक्त गर्न राष्ट्रिय विधुत प्रसारणलाइन लाई ९ वटै वडामा पुर्याउन पहल गरिने छ ।
- सडक गुरुयोजना तयार गरी आठबीस नगर भित्रका सम्पूर्ण सडकहरुको स्तरउन्नति गरिनेछ ।
- आठबीस नगरपालिकामा होमस्टे, पर्यटकीय आवास, वाटर र्याफ्टिङ, हट एयर बेलुमिङ्ग, प्यारागलाईडिङ, बन्जीजम्पिङ्ग, ग्रामीण पर्यटन, रक क्लाइम्बिङ्ग गर्न सकिने जस्ता क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्द्धन तथा विकासमा जोड दिईनेछ ।
- आठबीस नगरपालिकाको आर्थिक विकासका लागि विभिन्न प्रकारका उधोगहरु सञ्चालन गर्ने निति लिईनेछ ।

**क्षेत्रगत नीतिहरु**

## १. आर्थिक विकास निति

१.१ प्रत्येक वडामा कम्तिमा १ वटा वहुउद्धेशिय नर्सरी स्थापना गरी फलफूल तथा तरकारीका विरुवामा आत्मनिर्भर वनाइ निर्यात गर्ने नीति लिएको छ ।

१.२ उन्नत वीउ मल र प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरिने नीति लिइएको छ ।

१.३ मौरीपालन हुने क्षेत्रको पहिचान गरी कार्यक्रम संचालन गरिने र ब्यवसायमा वृद्धि गरिने छ ।

१.४ नगरपालिकालाई दाल तथा गेडागुडीमा आत्मनिर्भर वनाउने कार्यक्रम संचालन गरिने छ ।

१.५ आठबीस नगरपालिकाको प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र सञ्चालन गरिने छ । साथै आठबीस नगरपालिका वडा नं. ४ मा शित भण्डारण केन्द्र स्थापना गर्ने निति लिईनेछ ।

१.६ ल्याब र बिशेषज्ञद्धारा माटो परिक्षण शिविर सञ्चालन गरि माटो अनुकुल बाली निर्धारण एवम पकेट क्षेत्र घोषणा गर्ने र आबश्यक बिउबिजन, मल र कृषि औजारहरु वितरण गर्ने निति लिइने छ ।

१.७ बालीनालीमा लाग्ने रोग किराहरुको पहिचान गरी सोको रोकथाम तथा नियन्त्रणको लागि कार्यक्रम संचालन गरिने छ ।

१.८ कृषिमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापना गरी वैदेशिक रोजगारवाट फर्कीएका युवाहरुलाई आत्मनिर्भर वनाउने कार्यक्रमहरु संचालन गरिने छ ।

१.९ माछापालन हुन सक्ने क्षेत्रहरुको पहिचान गरी कृषकहरुलाई माछापालन गर्न प्रोत्साहन गरिने छ ।

१.१० कृतिम तथा प्राकृतिक गर्भाधानमा जोड दिइ पशुको नस्ल सुधार गर्ने र नगरपालिकामा दुध मासु र अण्डाको उत्पादन वृद्धि गरी मासु तथा दुग्धजन्य वस्तुमा नगरपालिकालाई आत्मनिर्भर वनाइने छ ।

१.११ विभिन्न संक्रामक रोग विरुद्ध पशुपंक्षीहरुलाई समय समयमा खोप तथा औषधीको व्यवस्था गरी पशुपंक्षीमा देखिने रोगहरुको न्यूनिकरण गरी पशुपंक्षी जन्य उत्पादन वढाउने नीति लिइने छ ।

१.१२ पशुपालन हुने वडाहरुमा वहुवर्षे डाले घाँसको विकास गरी पशुपंक्षीमा हुने जोखिमको न्युनिकरण गरिने छ ।

१.१३ पशुपालन व्यवसायलाइ विस्तार गर्न  उन्नत जातका बोका,  बाख्रा जस्ता व्ययवसायलाई प्राथमिकता दिइने छ ।

१.१४ फलफूल खेतीमा व्यवसायीकरण गर्नका लागि एक घरमा एउटै किसिमका कम्तिमा ५० वटा फलफूलका विरुवा लगाउन प्रोत्साहन गरिने छ ।

१.१५ कृषकहरुले उत्पादन गरेको तरकारी वजार सम्म पुर्याउन ढुवानीमा अनुदान दिने र थोक विक्रेताका लागि ग्राहाकको पहिचान गरी सहजिकरण गरिने छ ।

१.१६ एक वस्ती एक उत्पादन कार्यक्रम संचालन गर्न सम्भावित वाली वस्तुको लागि सम्भावित वस्तीको पहिचान गरी कार्यक्रम संचालन गरिने छ ।

१.१७ **"एक वडा एक सहकारी, न्युन पारौ बेरोजगारी"**  भन्ने नाराका साथ  सहकारी र कृषक समूहवाट सामुहिक तथा व्यवसायिक खेती गरी समूहको आयस्तर माथि उकास्ने नीति लिइने छ ।

१.१८ खेतीयोग्य उर्वर भूमीमा सिंचाइको सुविधा पुर्याउनका लागि आवश्यक पहल कदम गरिने छ ।

१.१९ प्रत्येक वडामा नया उद्यमी सृजना गर्ने र उद्यमीको स्तरउन्नती गर्दै लैजाने नीति लिईने छ ।

१.२० आठबीस नगरपालिका भित्र विभिन्न धर्म, संस्कृति संरक्षकणको लागि हरेक वडामा आ-आफनो संस्कृतिहरुको संरक्षण कार्यक्रम सञ्चालन गर्ने निति लिईनेछ ।साथै पर्यटन विकासका लागि विभिन्न धार्मीक सांस्कृतिक क्षेत्रहरुको प्रचार प्रसार गरिने छ ।

१.२१ लघु तथा साना घरेलु उद्योग स्थापना तथा संचालनार्थ दर्ता प्रक्रिया सहज गर्ने आबश्यक व्यवस्था गरिने छ।

१.२२ आठबीस नगरपालिका भित्र गोबर ग्यास, वायु उर्जा र वायो ग्यास प्लान्ट सञ्चालनमा ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाउन पहल गरिनेछ ।

१.२३ नगरपालिका भित्र रहेका उद्योग व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो उद्योग नगरपालिकामा दर्ता गराइ प्रामाणपत्र प्रदान गरिने छ साथै सो व्यवसायीलाई करको दायरामा ल्याइने छ ।

१.२४ नगरपालिका भित्र रहेका वेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी वेरोजगार युवाहरुलाई सिपविकास तालिम संचालन गरिने छ ।

१.२५ उत्कृष्ट युवा उद्यमीहरुलाइ प्रोत्साहनको लागि नगरपालिकावाट आवश्यक सहयोग तथा सम्मान गरिने छ ।

१.२६ स्थानीय उत्पादनलाइ प्राथमिकतामा राखि सोको वजारीकरणका लागि विभिन्न कार्यक्रम मार्फत आवश्यक सहयोग गरिने छ ।

१.२७ नगरपालिका भित्र उपलब्ध स्लेट, टाइल लगायतका खनिज पदार्थ तथा खानीको खोज अनुसन्धान गरी उत्खननलाई प्राथमिकता दिइने नीति लिईएको छ ।

१.२८ "**स्वच्छ व्यक्ति स्वच्छ आहर, आयुर्वेद जीवनको आधार"** मानी जडीवुटीको उत्पादन वृद्धि गरी आयआर्जन वढाउने नीति लिएको छ । साथै आयुर्वेदिक औषधालय सञ्चालनको लागि पहल गरिनेछ ।

१.२९ सहकारीको मुल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आयआर्जन गरी गरिवी न्युनिकरण गर्न नगरपालिकाले आवश्यक नीति तथा कानुन वनाइ कार्यान्वयन गरिने छ ।

१.३० **नगरप्रमुख रोजगार कार्यक्रमलाई** निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ ।

१.३१ संघीय सरकार वाट प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा आए संगै यस नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग पुर्याउने नीति लिएको छ ।

१.३२ युवा लक्षित कार्यक्रमलाइ विशेष जोड दिइने छ ।

१.३३ कृषि व्यवसायमा संलग्न उत्कृष्ट कृषकहरु छनौट गरी समयानुकुल तालिम, भ्रमणको अवसर प्रदान गर्ने र पुरस्कृत गरिने छ ।

१.३४ अल्लो, टिमुर प्रसस्त उत्पादन हुने वडाहरुमा अल्लो, टिमुर प्रशोधन केन्द्रको स्थापना गरी घरेलु उत्पादनलाई प्रोत्साहन गरेर रोजगारीमा वृद्धि गर्ने नीति लिएको छ ।

१.३५ **"स्थानीय उत्पादनमा वृद्धि आठबीस नगरको समृद्धि"** भन्ने मुल नाराका साथ बाझो जग्गामा खेती गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।

१.३६ परम्परागत पेशागत सिपलाई आधुनिकिकरण गर्दै सिप विकास क्षमता अभिवृद्धि गरिने छ ।

१.३७ भुमिहिन तथा भुमि न्यून भएका किसानहरुका लागि लिज होल्ड कार्यक्रम अवलम्बन गरिने छ।

१.३८ "**कृषकलाई टेवा घरघरमै प्राविधिक सेवा**" भन्ने नाराका साथ प्रत्येक वडामा कृषि तथा पशु प्राविधिकको उपलब्धता हुने गरी एक वडा एक कृषि प्राविधिकको निति लिईनेछ ।

१.३९ **"खनौ आफ्नै माटो छोडौं विदेशो बाटो"** सो अन्तर्गत वैदेशिक रोजगारीवाट फर्किएका र रोजीरोटीका लागि बैदेशिक रोजगारीमा जान बाध्यहुने लाई आकर्षित गर्न व्यवसायीक खेतीका लागि प्रोत्साहन स्वरुप नगरपालिकावाट जमिन र अन्य पूर्वाधारहरुको व्यवस्था गरी सामुहिक खेती प्राणालीमा जोड दिईनेछ ।

## २. सामाजिक विकास निति

२.१ यस आठबीस नगरपालिका भित्र रहेका स्वास्थ्य चौकि आधारभुत स्वास्थ्य केन्द्र र बर्थिङ्ग सेन्टर लाई आवश्यक पर्ने अत्यावश्यक औषधि तथा स्वास्थ्य सामाग्रीहरु आबश्यकता अनुसार ब्यबस्था गरिनेछ ।

२.२ आठबीस नगरपालिका वडा नं.४ राकमकर्णालीमा निर्माणाधिन १५ सैयाको अस्पतालको भवनलाई छिटो भन्दा छिटो निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।

२.३ आठबीस नगरपालिका वडा नं ३ कुमलखाडामा आठबीस नगरपालिका र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान बिच सम्झौता भए बमोजिम १०० सैयाको ट्रमा सेन्टरको डिपिआर तयार गरी तत्काल निर्माण कार्य अगाडी बढाईनेछ ।

२.४ महिलासंग उपप्रमुख कार्यक्रम मार्फत स्त्री रोग सम्बन्धी साझेदारी संघसंस्थाहरु संग समन्वय र सहकार्यमा बृहत स्वास्थ्य शिबिर सञ्चालन गरिने छ।

२.५ आठबीस नगरपालिकामा बिरामी संग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन गरिनेछ ।

२.६ प्रत्येक महिना हरेक वडामा खोप क्लिनिक संचालन गरि सबै बालबालिकाहरुलाइ पुर्ण खोप लगाइ पुर्ण खोप सुनिश्चतता लाइ निरन्तरता दिइने छ ।

२.७ प्रसुति सेवालाइ निरन्तरता र थप सुबिधा गर्नको लागि आवश्यक ब्यबस्था गरिनेछ ।

२.८ सम्पुर्ण स्वास्थ्य संस्थामा गर्भवति क्यालेण्डर निर्माण गरि सोही अनुसार कम्तिमा ४ पटक गर्भ जाँच गराइनेछ ।

२.९ टुहुरा बालबालिकाहरुको लगत संकलन गरी टुहुरा बालबालिकाहरुका लागि आठबीस नगरपालिकाले अभिभावकत्व वहन गर्ने गरी बिशेष प्याकेज कार्यक्रम संचालन गरिनेछ ।

२.१० ५ बर्ष मुनिका कुपोषित बावबालिकाहरुको बृद्धि अनुगमन गरि कुपोषणको अवस्था अनुसारको परामर्श पोषण कोशेली तथा उपचारको ब्यबस्थापन गरि कुपोषणको अवस्थालाइ शुन्यमा ल्याइनेछ ।

२.११ २ बर्ष मुनिका बालबालिकाहरुले कम्तिमा ११ चोटी वृद्धि अनुगमन गराउनका लागि बिभिन्न सचेतनामुलक कृयाकलापहरु संचालन गरिनेछ ।

२.१२ पोषण सम्बन्धि बिभिन्न सेवाहरु प्रदान गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरुको नियमित रुपमा उपलब्धता हुने ब्यबस्था मिलाइनेछ ।

२.१३ स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य इकाई र शहरी स्वास्थ्य केन्द्रमा आवश्यक पर्ने अत्यावश्यक औषधिहरुको नियमित रुपमा आपुर्तिका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।

२.१४ आठबीस नगरपालिका वडा नं. १ सातला स्वास्थ्य चौकी बाट चिकित्सक सहितको सेवा सञ्चालन गरिनेछ ।

२.१५ राकम कर्णाली स्वास्थ्य संस्थाबाट सञ्चालित आँखा उपचार इकाईलाई निरन्तरता दिइनेछ ।

२.१६ नगर भित्रका सवै स्वास्थ्य संस्थाबाट सञ्चालित प्रयोगशालालाई निरन्तरता दिइनेछ ।

२.१७ राकमकर्णाली आधारभुत स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवा विस्तारको लागि कर्णाली प्रदेश सरकार मार्फत संघिय सरकारलाई थप जनशक्ति तथा भौतिक सामाग्रीको व्यवस्था गरी नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२.१८ **नगर उपप्रमुख कार्यक्रम** मार्फत प्रत्येक वडाबाट राकम कर्णाली आधारभुत स्वास्थ्य चौकी सम्म सुत्केरी सेवाका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

२.१९ कोभिड १९ रोग नियन्त्रणको लागि स्थापना पाँच बेडको कोभिड अस्थायी अस्पताल राकमकर्णालीवाट दिइरहेको सेवालाई निरन्तरताको लागि पहल गरिने छ। साथै कोभिड भ्याक्सिनको दायरा बढाउदै लगिनेछ ।

२.२० माहामारी नियन्त्रको लागि प्रत्येक स्वास्थ्य संस्थामा औषधीको बफर स्टकको रुपमा राखिनेछ ।

२.२१ एच.आइ.भी संक्रमितलाई दिइने पोषण भत्तालाई निरन्तरता दिइनेछ ।

२.२२ जनता संग नगर प्रमुख स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

२.२३ बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन गर्न पोषण मैत्री वडा घोषणाका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।त्यसका लागि एक वडा एक पोषणमैत्री टोल कार्यक्रम कार्यन्वयनमा ल्याईनेछ ।

२.२४ महिला,किशोरी तथा बालबालीकामा हुने कुपोषको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजनालाई उच्च प्राथामिकतामा राखिनेछ ।

२.२५ बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे बमोजिमका उपलब्धी हासिल गर्न साझेदार निकायसंग समन्वय गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२.२६ नगरपालिकास्तरमा पोषण सम्बन्धीको यथार्थ बस्तु स्थिति झल्किने गरी पोषण पार्श्व चित्र तयार गरिनेछ ।

२.२७ सर्वैस्तरमा बहुक्षेत्रीय पोषण योजनाका कार्यक्रमहरु कार्यन्वयनमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न अनुगमनको पक्षलाई प्रभावकारी बनाईनेछ ।

२.२८ नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न नगरपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा  विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवाप्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२.२९ नगरपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई नगरपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

२.३० महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न  आवश्यक व्यवस्था मिलाइनेछ ।

२.३१ नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ बमोजिम आगामी ५ बर्ष भित्र नगरपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त नगरपालिका घोषणा गर्ने, नगरपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा कोभिड १९ जस्ता महामारी र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन

सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

२.३२ स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई प्राथमीकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

२.३३ खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रर्वद्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोतव्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२.३४ नगरपालिकाको समग्र खानेपानी सरसफाई तथा स्वच्छता क्षेत्रको अबस्था सुनिश्चितता, बिश्लेषण तथा योजना निर्माणका लागि WASH योजना निर्माण र सो क्षेत्रको आगामि ५ बर्षे रणनितिक योजना निर्माण गरिने छ

२.३५ प्रारम्भिक वाल कक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक विकासलाई मध्येनजर गरि विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन, शैक्षिक सामाग्री ब्यबस्थापन गर्नका लागि अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरु संग छलफलका कार्यक्रम संचालन गरिने छ ।

२.३६ नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको नक्साङ्कन, शिक्षक विद्यार्थी अनुपात, तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरि विद्यालय समायोजन, एकीकरण, कक्षा थप , घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ ।सो को लागि आठबीस नगरपालिकामा शैक्षिक सुदृढीकरण अनुदान मार्फत थप व्यवस्थित गरिनेछ ।

२.३७ नगरपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धिका लागि तालिम, विद्यालयको भौतिक संरचनामा सुधार, शैक्षिक तथा प्रशासनिक ब्यवस्थापनका माध्यमद्वारा गुणस्तरीय शिक्षाका लागि अत्याबश्यक कार्यक्रमहरु संचालन गरिने छ।

२.३८ विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपसमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ। साथै शैक्षिक अनुभव आदानप्रदानका लागि अन्तर विद्यालय, अन्तरपालिका र अन्तर जिल्ला शैक्षिक अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरि प्रतिस्पर्धी गुरणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गरिने छ।

२.३९ संस्थागत तथा सामुदायिक विद्यालयहरुको नियमित अनुगमन, निरिक्षण गरि शैक्षिक मापदण्ड अनुरुप संचालनमा ल्याइने छ ।

२.४० अति विपन्न परिवारका बालवालिकाहरुलाई शैक्षिक सामाग्री तथा पोशाकको ब्यवस्थापनमा सहयोग गरिने छ ।

२.४१ विद्यालय उमेर समुहका कुनै पनि वालबालिका विद्यालय वाहिर नरहुन भन्नका लागि विद्यालय भर्ना अभियान २०८० संचालन गरि आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिने छ ।

२.४२ विद्यालयहरुमा महिनावारी स्वच्छता तथा सरसफाईका लागि छात्राहरुलाई स्यानेटरी प्याड निर्माण गर्न तालिमका कार्यक्रम संचालन गर्नुका साथै निशुल्क स्यानेटरी प्याडको वितरण गरिने छ।

२.४३ जनज्योती मा.वी.लाई आवासिय विधालयको रुपमा रुपान्तरण गरिनेछ । साथै समावेशी शिक्षालय स्थापनाको लागि प्रक्रिया सुरु गरिनेछ ।

२.४४ उच्च शिक्षामा प्राविधिक विधालाई प्राथामिकता दिइनेछ ।

२.४५ आठबीस नगरपालिकामा नमुना विधालयको सुरुवात गरिनेछ ।

२.४६ स्थानीय पाठ्यक्रमका आधारमा शिक्षण शिकाइ सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२.४७ बालमैत्री स्थानीय शासनको प्रत्याभुती हुने व्यवस्था मिलाइनेछ ।साथै प्राकृतिक विपत्तीमा समेत शिक्षण सिकाइलाई निरन्तरता दिइने व्यवस्था मिलाइनेछ ।

२.४८ अध्ययनमा युवाहरुको रुची जगाउन आठबीस नगरपालिका वडा नं. ४ राकम कर्णालीमा सुविधा सम्पन्न लाइब्रेरी, E-Library निर्माण गरि Free WIFI को समेत ब्यवस्था गरिने छ।

२.४९ खेलकुदका माध्यमबाट विद्यार्थीको सर्बाङ्गिण विकासका लागि नगरपालिकास्तरीय नगर प्रमुख कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ ।

२.५० खेलकुद क्षेत्रको विकासका लागि नगरपालिकामा सुविधासम्पन्न रंगशालाको निर्माण तथा प्रत्येक वडाको कम्तिमा एउटा विद्यालयमा खेल मैदान र अन्य पूर्वाधारहरुको विकास गर्न पहल गरिने छ।साथै खेलकुदमा प्रतिभाको खोजि गर्ने निति लिइनेछ ।

२.५१ तीन/तीन महिनाको अन्तरालमा विद्यालय स्तरीय खेलकुदका प्रतियोगिताहरु संचालन गरिने छ। विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरुमा उत्कृष्ट खेलाडिहरुलाई थप तालिम तथा प्रशिक्षणको ब्यवस्था मिलाई जिल्लास्तरीय, क्षेत्रीय,र राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सहभागिताको लागि प्रोत्साहन गरिने छ ।

२.५२ विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागि खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिने छ ।

२.५३ नगरस्तरीय तथा वार्ड स्तरिय खेलकुदका कार्यक्रम सञ्चालन गरी उच्च स्तरिय खेलाडीहरु उत्पादन गरिनेछ ।

२.५४ सामाजिक सचेतना र आयमुलक कृयाकलापमा युवा शक्तीको परिचालन गरी आठबीस नगरपालिकालाई समृद्ध बनाइनेछ । जसका लागि **महिलासंग उपप्रमुख आयआर्जन कार्यक्रम, युवा सचेतना कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, युवा शसक्तिकरण कार्यक्रम** र कम्प्यूटर शिक्षा जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५५ खानेपानी सरसफाइ तथा स्वच्छता र जीविकोपार्जन सुधार तर्फ **"गुणस्तरीय र दिगो खानेपानीको आवश्यकता, पूर्ण सरसफाइ छाउगोठ मुक्त स्वच्छता आठबीस नगरपालिकाको प्रतिवद्धता"** भन्ने नारालाई कर्णाली जलाधार परियोजना मार्फत कार्यान्वयन गरी उपलब्धी हासिल गरिने छ ।

२.५६ मदिरा उत्पादन, उपभोगमा र विक्रि वितरणमा निश्चित मापदण्ड अवलम्वन गरिने छ ।

२.५७ डिजिटल नगर प्रोफाईल तयार गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

२.५८ पुराना हस्तलिखित व्यक्तिगत घटना दर्तालाई अनलाइन सिस्टम एम.आइ.एस. प्रणालीमा प्रविष्ट गरिनेछ ।

२.५९ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ ।

२.६० विधार्थिहरुको सर्वाङ्गीण विकासका लागि सम्पूर्ण विधालयहरुमा प्रतिभाको खोजी कार्यक्रम (Talent Hunt Programme) सञ्चालन गरिनेछ ।

२.६१ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपले अगाडि बढाइने छ ।

## ३. पूर्वाधार विकास निति

३.१ नगरपालिकाको भौतिक पूर्वाधार विकासको लागि विभिन्न साझेदारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

३.२ नगरपालिकाको विगत देखि क्रमागत रुपमा रहेका सडक खण्डलाई निरन्तरता दिदै सडकको स्तरोन्नति गर्नुको साथै नगरपालिका भित्र सडक नपुगेका प्रत्येक वस्तीहरुमा सडक पुर्याइ यातायातमा सहजता ल्याउने नीति लिइएको छ ।

३.३ नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न शाखा सडकहरुलाई फराकिलो वनाउने तथा मर्मत सम्भार गर्न आवश्यक वजेटको व्यवस्था गरीनेछ ।

३.४ अधुरा रहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

३.५ खानेपानीको दिगो व्यवस्थापनको लागि एक घर एक धारा नीतिलाई ९ वटै वडामा लागु गरिने छ ।

३.६ कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत सम्भार गरी कृषिको उत्पादनमा वृद्धि गर्न जोड दिइने छ ।

३.७ नगरपालिकाको प्रशासकीय भवन र भवन नभएका वडा कार्यालयको भवन निर्माणको लागि आवश्यक पहल गरिने छ ।

३.८ सवै वस्तीमा खानेपानीको सुविधा पुर्याइने र ढल निकासको व्यवस्था गरिनेछ ।

३.९ उपयुक्त स्थानमा एउटा आधुनिक र व्यवस्थित पशु वधशाला संचालनमा ल्याइने नीति लिइएको छ ।

३.१० सवै किसिमका सार्वजनिक पूर्वाधारहरु वालमैत्री, लैंगिक मैत्री, अपांगमैत्री र वातावरणमैत्री मापडण्डका आधारमा मात्र निर्माण गरिने नीति लिएको छ ।

३.११ वैकल्पिक उर्जाका विभिन्न प्रविधिहरुको प्रयोग र विस्तारमा जोड दिइने छ ।

३.१२ भवन संहिता, नक्सापास र भवन निर्माण गर्ने प्रविधिको विकास गरिने छ ।

३.१३ नगरपालिकामा संचालित लघु तथा साना जलविधुत आयोजनाहरुको मर्मत संभार तथा संरक्षण गर्ने नीति लिइएको छ ।

३.१४ नगरपालिका क्षेत्र भित्र पर्यटनको पहुँच पुर्याउन यस क्षेत्र भित्र रहेका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल, मठमन्दिर निर्माण गर्ने तथा संरक्षणको लागि आवश्यक पहल गरिने छ ।

३.१५ नयाँ शहर आयोजनालाई आठबीस नगरपालिका क्षेत्र भित्र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन निति

४.१ फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण गर्न आठबीस नगरपालिकाको ९ वटै वडाहरुको प्रत्येक टोल टोलमा कम्तिमा ५ जना भन्दा वढी सदस्यहरु रहने गरी वातावरण संरक्षण टोल विकास समिति गठन गरिने छ ।

४.२ आठबीस नगरपालिकाको अति जोखिमाका आधारमा वस्तीहरुको वर्गिकरण गरी व्यवस्थित गर्नको लागि सम्वेदनशिल भू-उपयोग योजना वनाइ क्रमश: कार्यान्वयनमा ल्याइने छ ।

४.३ वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको घेरवार तथा संरक्षण गर्दै लगिने छ ।

४.४ विपद जोखिम क्षेत्र र वस्तीहरुको संकटासन्नताको पहिचान र नंक्सांकन गरिने छ ।

४.५ असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्तानान्तरण र व्यवस्थापन गर्न पहल गरिनेछ ।

४.६ यस नगरपालिका क्षेत्र भित्र वासोवास गर्ने भुमिहिन तथा सुकुमवासीहरुको लगत तयार गरी तिनीहरुको उचित व्यवस्थापन गर्ने तर्फ पहल गरिने छ ।

४.७ हरेक वस्तीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।

४.८ पानीका मुहानहरुको अभिलेख राखि सो स्रोतको दिगो संरक्षण गरिने छ ।

४.९ वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी वातावरण तथा जलवायु परिवर्तन वारे जनचेतना अभिवृद्धि गराइने छ ।

४.१० भु-क्षय भएका स्थानहरुमा स्थानीय जनताको सहकार्यमा वृक्षारोपण गर्ने र सो को संरक्षण गरिने छ ।

४.११ भू-क्षय तथा जलउत्पन्न प्रकोपवाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न आवश्यक तटवन्धनको व्यवस्था गरिने छ ।

४.१२ सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गरी विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले अगाडि वढाइने छ ।

४.१३ सामुदायिक वन पैदावरको उत्पादन, उपभोग, प्रशोधन विषयमा अध्ययन गरी वन स्रोतमा आधारित व्यवसायमुलक र उद्यममुलक वन वनाउन प्रोत्साहन गरिने छ ।

४.१४ विपद व्यवस्थापनको लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, अन्य आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने कार्यलाई प्राथमिकता दिइ कार्यान्वयन गरिने छ ।

४.१५ प्रत्येक वडामा विपद पूर्व, विपद कालिन र विपद पछिका कार्य व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाइ निरन्तरता दिइने छ र यस क्षेत्र भित्रका नागरिकहरुलाई रोगको महामारीवाट वचाउन तथा रोगको रोगथाम गर्ने कार्यको लागि स्थापना भएको **प्रकोप व्यवस्थापन कोषमा** वजेट विनियोजन गरिने कार्यलाइ निरन्तरता दिईनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास निति

५.१ आठबीस नगरपालिकको संस्थागत क्षमता अभिवृद्धि(स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन) गर्नको लागि आवश्यक व्यवस्था गरिनेको छ ।

५.२ यस आठबीस नगरपालिकामा सुशासन कायम गर्न र कार्यालयको कामकाजलाई मध्यनजर गर्दै सूचनाको पहुँचलाई जनता सामु सजिलै पुर्याउन Digital Notice Board, Group SMS System Software, ईलेक्ट्रोनिक हाजिरी, जिपिएस ट्रयाकिङ्ग, टोल फ्रि नम्बर जडान कार्यलाइ निरन्तरता दिइने छ ।

५.३ आठबीस नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा पुनरताजकी तालिम सञ्चालन गरिनेछ ।

५.४ पेश्की तथा वेरुजुलाई निरुत्साहन गर्नका लागि पेश्की तथा वेरुजु असुलका लागि उचित कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ

५.५ आन्तरिक आय संकलन कार्यको लागि Revenue Software लाई सवै वडास्तर सम्म पुर्याईनेछ ।

५.६ नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरु तथा अन्य सार्वजनिक सम्पत्तिहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

५.७ एकिकृत सम्पत्ति कर, व्यवसाय कर, बहाल कर लगायतका अन्य करका स्रोतहरुको लगत अध्यावधिक गर्दै लगिनेछ ।

५.८ आन्तरिक राजस्व अभिवृद्धिका लागि सार्वजनिक, निजि र साझेदारी अन्तर्गत विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।

५.९ आन्तरिक आय बढाउन राजस्वमा सुधार गरी सहज, सरल र दायरालाई फराकिलो बनाईनेछ ।

५.१० नगर क्षेत्रभित्र रहेका अव्यवस्थित रुपमा सञ्चालनमा रहेका अस्थायी क्रसर उधोगहरुलाई अनिवार्य रुपमा करको दायरामा ल्याइनेछ ।

५.११ घर नक्सा, व्यवसाय दर्ता, अव्यवस्थित रुपमा निर्माण भएका घर संरचनाहरुलाई व्यवस्थित बनाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।

५.१२ नगरपालिका भित्रका सामाजिक सुरक्षा भत्ता खाइपाइ आएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वैंक खाता मार्फत भुक्तानी गरिने कार्यलाइ तिव्रताका साथ अगाडी वढाइने छ ।

५.१३ प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत काम गरी रहेका यस नगरपालिकाका कामदारहरुकोको वैकं मार्फत खाता खोली भुक्तानि प्रक्रियालाई व्यवस्थित गरिने छ ।

५.१४ नगरपालिकाले प्रतिवद्धता गरे वमोजिम एम.आइ.एस अपरेटर र फिल्ड सहायकको वर्षको एक चौमासिकको पारिश्रमिक नगरपालिकावाट स्रोत खोजी उपलब्ध गराइने छ ।

५.१५ नगरपालिकाको आवधिक पञ्च वर्षिय योजना निर्माण गर्न वजेटको व्यवस्था गरिने छ ।

५.१६ नगरपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा संञ्चार, इन्टरनेट सुविधा, टावर र सर्वर जस्ता उपकरण जडान कार्यको लागि निरन्तरता दिइने छ ।

५.१७ नगरपालिका र वडा कार्यालयमा हेल्प डेस्क, सोधपुछ कक्ष, विधुतिय नागरिक वडापत्रको व्यवस्था गरी सार्वजनिक सेवालाई प्राभावकारी वनाउनुका साथै भए गरेका कार्यहरु नागरिक समक्ष मोवाइल एप्स वाट सूचनाको सहज पहुँचको थप व्यवस्था गरिने छ ।

५.१८ नगरपालिकामा लागु भएका सम्पुर्ण गैरसरकारी संघ-संस्थाहरुसँग विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्न एकद्धार प्राणालीको नीति लिइएको छ ।

५.१९ सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण र सामाजिक परिक्षण र अनुगमन तथा मूल्याँकन कार्यलाई पारदर्शी वनाइ सुशासन प्रवर्द्धनमा जोड दिइने छ ।

५.२० नागरिक असन्तुष्टि सर्वेक्षण फारामको विकास गरी प्रत्येक वडा र नगरपालिकामा समेत सेवाग्राहीको प्रतिक्रिया वुझि सेवा प्रवाहलाई अझ छिटो छरितो र प्रभावकारी वनाइने छ ।

५.२१ स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त जनउत्तरदायी र सहभागिता मुलक वनाइ स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।

५.२२ आठबीस नगरपालिका भित्र संचालन भएका र हुने होटेल, रेष्टुरेन्ट लगायतका सवैप्रकारका खुद्रा पसलेहरुले अनिवार्य रुपमा आफ्नो व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरी उपभोक्ता मुल्य सूची अनिवार्य रुपमा राख्न लगाइ उपभोक्ताहरुको हित संरक्षण गर्ने नीति लिइएको छ ।

५.२३ उपभोक्ता मुल्य सूची नराखि विक्रि वितरण गर्ने कार्यलाइ निरुतसाहित गर्दै लगिनेछ र वजार अनुगमनको कार्यलाइ कडाइका साथ लागु गरिने छ ।

५.२४ इमान्दार, कर्तव्यनिष्ठ, लगनशिल, अनुशासित भइ कार्यालयको कामकाजमा अविछिन्न रुपमा खटिई रहने नगरपालिका भरीका कर्मचारीहरु मध्येवाट कार्य सम्पादनको आधारमा (तोकिएको सुचकांकमा सवै

भन्दा वढी अंक प्राप्तगर्ने)  उत्कृष्ठ कर्मचारीहरुको छनौट गरी आ.व. को अन्त्यमा प्रमाणपत्र सहित उचित सम्मान र पुरस्कृत गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।

५.२५ नगरपालिका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन,  अवलोकन भ्रमण तथा तालिमको लागि वजेटको व्यवस्था गरिनेछ ।

५.२६ न्यायिक समितिलाई सक्षम र सवल वनाउन क्षमता विकास मुलक कार्यक्रम संचालन गरिने छ र न्यायिक समितिलाई स्रोत साधन सम्पन्न वनाइने छ ।

५.२७ नगरपालिका भित्र स्रोतको पहिचान गरी नगरपालिकावाट लिइने कर,  राजस्व,  शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।

५.२८ प्रगतिशिल र न्यायिककर प्रणालीका आधारमा करको दायरा विस्तार गरिने छ ।

५.२९ नगरपालिका र ९ वटै वडा कार्यालयहरुमा सु-शासन इकाइको गठन गरी अनुगमन समितिलाई क्रियाशिल तथा व्यवस्थित वनाइने कार्यलाई निरन्तरता दिइने छ ।

५.३० आ.व. ०७९/०८० को प्रारम्भ देखिनै सवै कर्मचारीहरुको कार्य सम्पादन सम्झौता तयार गरी लागु गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

आठबीस नगरपालिकाको यो निति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ । यो निति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने आठबीस नगरपालिकाका नगर उप-प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, विभिन्न राजनैतिक दलका नेताहरु र आठबीस नगरबासीहरु बाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखी धन्यवाद दिन चाहान्छु ।यसै गरी यस निति तथा कार्यक्रमको कार्यान्वयन गर्न पनि सबैको साथ सहयोग र विश्वास प्राप्त हुने अपेक्षा गर्दै मेरो सम्बोद्धन यही अन्त गर्दछु ।

धन्यवाद ।

**तर्क वहादुर बडुवाल**
**नगर प्रमुख**
**आठबीस नगरपालिका**